"खानेपानी, सडक, बिद्युत, कषि, पर्यटन, सञ्चार, खेलकुद, शान्तिसुरक्षा, स्वास्थ्य र शिक्षा,पौवादुङमाबासीहरुलाई उपलब्ध गराउने गाउँपालिकाको इच्छा ।"

# पौवादुङमा गाउँपालिका

## च्याङ्ग्रे, भोजपुर

प.सं. :– २०७४/७५
च. नं. :–

१ नं. प्रदेश नेपाल
मितिः २०७५।५।२०

**जानकारी सम्बन्धमा ।**

आज मिति २०७५ साल भाद्र २० गतेको दिन यस पौवादुङमा गाउँपालिकाको तेस्रो गाउँ सभा गाउँपालिकाका अध्यक्ष श्री किरण राई ज्युको अध्यक्षतामा ऐतिहासिक रुपले भव्यताका साथ सम्पन्न गरियो ।

यस गाउँसभा प्रमुख प्रशासकिय अधिकृत श्री सालिकराम भट्टराई ज्युको सहजिकरणमा राष्ट्रिय गान सामुहिक रुपमा गाएर शुरु भई ज्ञात अज्ञात शहिदहरु प्रति श्रदान्जली अर्पण गर्दै एक मिनेट मौन धारणा गरिएको थियो।

यस पौवादुङमा गाउँपालिकाको तेस्रो गाउँसभामा गाउँपालिकाका उपाध्यक्ष श्री सम्झना राई ज्युवाट प्रस्तुत गरिएको गाउँपालिकाका नीति तथा कार्यक्रममा २४ करोड १३ लाख २ हजार रुपैया वरावरको वार्षिक वजेट तथा कार्यक्रम पारित गरिएकोछ।

यस २४ करोड १३ लाख २ हजार मध्ये चालुतर्फको रु ३ कारोड ८ लाख (१२.७६ प्रतिशत) र २१ करोड ५ लाख २ हजार (८७.२४ प्रतिशत) पुजिगतमा विनियोजन गरिएकोछ ।

पुजिगत रकम रु २१ कारोड ५ लाख २ हजार मध्ये आर्थिक विकास कार्यक्रममा रु १,७८,०७,२५०। (७.३८ प्रतिशत) सामाजिक विकास कार्यक्रममा रु ११,१८,८९,०००। (४६.३७ प्रतिशत), भौतिक पूर्वाधार विकासमा रु २९७,८३,०००। (१२.३४ प्रतिशत), वातावरण तथा विपद व्यवस्थापनमा रु १७,२२,०००। (०.७१ प्रतिशत), संस्थागत विकासमा रु ७३,००,७५०। (३.०३ प्रतिशत) तथा वडासमिति तर्फ रु ४,२०,००,०००। (१७.४१ प्रतिशत) रकम विनियोजन गरिएकोछ ।

तेस्रो गाउँसभाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ वमोजिम पौवादुङमा गाउँपालिकाले विभिन्न ६ वटा (ऐन, नीति, विनियम तथा कार्यविधीहरु) पारीत गरिएकोछ ।

१. आर्थिक विधेयक ऐन २०७५

२. विनियोजन ऐन २०७५

३. वजेट ऐन २०७५

४. सार्वजनिक नीजि साझेदारी संवन्धि नीति २०७५

५. नीति तथा कार्यक्रम २०७५

६. नेपाल सरकारवाट जारी गरिएको उर्जा नीति तथा निर्देशिका २०७४ लाई अनुमोदन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

अन्तमा तेस्रो गाउँसभाका सम्पुर्ण सदस्य ज्युहरुवाट उपस्थिति भई आफ्नो अमुल्य विचार र राय प्रस्तुत गर्नु भएकोमा र तेस्रो गाउँसभा तयारि गर्न खट्ने राष्ट्रसेवक कर्मचारीहरु साथै पौवादुङमा वासि जनसमुदाय प्रति गाउँपालिका हार्दिक धन्यवाद व्यक्त गर्दछ ।

.........................
श्री दिपक झम्पाङ्ग राई
प्रवक्ता तथा वडा नंवर ६ अध्यक्ष